सेप्टेम्बर 04, 2024

# Columbia Middle र Lakeside High ले National PTA बाट प्रतिष्ठित 'उत्कृष्ट विद्यालय' को उपाधि पाएका छन्

परिवार र आफ्ना विद्यालयहरू बीचको बलियो साझेदारीलाई बढवा दिँदै, शैक्षिक अनुभव र सबै विद्यार्थीहरूको समग्र कल्याण सुधार गरेकोमा Columbia Middle School र Lakeside High School 2023-2025 को उत्कृष्ट विद्यालयको उपाधिबाट सम्मानित भएका छन् ।

अगस्त 5 मा, राष्ट्रिय अभिभावक-शिक्षक सङ्गठन ले DeKalb County School District (DCSD) का यी दुई विद्यालयहरू यो सम्मान पाउने राष्ट्रियव्यापी 319 विद्यालयहरू र PTA हरू र युरोपका रक्षा विभागका विद्यालयहरू भित्र परेका छन् भनेर घोषणा गरेको छ । विद्यालय तथा PTA हरू राष्ट्रिय PTA उत्कृष्ट विद्यालय कार्यक्रममा सहभागी भएका थिए, जुन परिवार-विद्यालय साझेदारी वृद्धि गर्ने एक वर्ष लामो प्रतिबद्धतासँग सम्बन्धित थियो । Columbia Middle School का अभिभावक तथा परिवार संलग्नता विभागका जनसम्पर्क व्यक्ति डा. LaTroya Bishop ले उत्कृष्ट विद्यालयको उपाधि विद्यालयका लागि महत्त्वपूर्ण उपलब्धि हो भनेर व्याख्या गर्नुभयो ।

"हामी हाम्रा अभिभावकहरू, विद्यार्थीहरू, र समुदायका लागि धेरै खुसी छौं," डा. Bishop ले भन्नेभयो । "राष्ट्रव्यापी रूपमा 4,000 भन्दा धेरै विद्यालयहरूले यो उपाधि पाएका थिए, र Georgia का 16 विद्यालयहरू मात्र परेका थिए । 16 मध्येबाट दुई विद्यालयहरू मात्र DeKalb काउन्टीका छन्, यसले हामीलाई झन् विशेष बनाएको छ, र उत्कृष्ट विद्यालयमा मानिएकोमा हामी अत्यन्तै गौरवान्वित छौं !"

Columbia Middle का PTA का सदस्य Marsha Herring Columbia यो सम्मान पाउन हकदार थियो भनेर विश्वस्त हुनहुन्छ ।

"हाम्रो माध्यामिक विद्यालयको PTA ले विद्यार्थीको सफलताका लागि DeKalb काउन्टी समुदायलाई सहभागी गराउन उत्कृष्ट काम गरेको छ," सुश्री Herrings ले भन्नुभयो । "मैले विद्यालय र समुदायमा फरक पार्ने हाम्रो PTA को समर्पण र प्रतिबद्धता प्रत्यक्ष रूपमा देखेको छु । यो उपाधि प्राप्त गर्नु हाम्रो PTA को लागि एउटा ठूलो उपलब्धि हो ।"

वर्षभरि, PTA र विद्यालयहरूले आफ्ना विद्यालय समुदायहरूबाट प्रतिक्रिया सङ्कलन गर्छन् र परिवार-अभिभावक साझेदारीसँग सम्बन्धित PTA का राष्ट्रिय मानकहरूमा आधारमा परिवार-विद्यालय साझेदारी सुधार गर्ने योजनाहरू विकास तथा कार्यान्वयन गर्छन् ।

“PTA मा, हामी दृढ रूपमा विश्वास गर्छौं कि परिवार-विद्यालय साझेदारी महत्त्वपूर्ण छ र वास्तवमा हाम्रा विद्यार्थीहरूको सफलतालाई समर्थन गर्न र हाम्रा विद्यालयहरूलाई सुधार गर्न हामी सबै मिलेर काम गर्नुपर्छ,” राष्ट्रिय PTA का सभापति Yvonne Johnson ले भन्नुभयो ।

"सबै विद्यार्थी, परिवार र उनीहरूका विद्यालयहरूमा सकारात्मक प्रभाव पार्ने र पारिरहेको प्रभावकारी पारिवारिक-विद्यालय साझेदारीहरू निर्माण गर्ने प्रतिबद्धताका लागि, हामी 2023-2025 को उत्कृष्ट विद्यालयको उपाधि पाउने सबै विद्यालयहरूको सम्मान गर्न पाउँदा उत्साहित छौं ।"

Lakeside High School का फ्रन्ट अफिसका प्रशासक Melanie Stockwell, जो विद्यालयको PTSA पनि हुनुहुन्छ, उहाँले Lakeside ले राष्ट्रिय उत्कृष्ट विद्यालयको उपाधि पाएकोमा कुनै आश्चर्य छैन भनेर भन्नुभयो ।

“धेरै वर्षहरू देखि, Lakeside को PTSA ले हाम्रो विद्यार्थी र शिक्षकलाई समर्थन गर्ने जीवन्त सदस्यता समुदाय सिर्जना गरेको छ,” सुश्री Stockwell ले भन्नुभयो । "म अभिभावक सदस्य र कर्मचारी सदस्य भएको दुवैको नाताले इमानदारीपूर्वक भन्न सक्छु, Lakeside को PTSA Lakeside निरन्तर रूपमा सफल बन्न पुगेको मुख्य कारणहरू मध्ये एक हो । हाम्रो PTSA ले साँच्चिकै हाम्रा विद्यार्थीहरू र कर्मचारीहरूलाई परिवारको रूपका एकताबद्ध बन्न सहयोग गरेको छ ।”

XXX